वितरणात्मक ब्यापार सर्भेक्षण आयोजना

**Distributive Trade Survey Project**

# आयोजना सम्पन्न प्रतिवेदन

# Project Completion Report

| | |
|---|---|
| आयोजनाको नाम | **Distributive Trade Survey Project** |
| कार्यान्वयन गर्ने निकाय | केन्द्रीय तथ्याङ्क विभाग |
| आयोजना सुरू भएको मिति | २०६३ पौष २८ गते |
| आयोजना सम्पन्न भएको मिति | २०६६ कार्तिक २९ गते |
| कुल आयोजना अवधि | २ बर्ष १० महिना |
| कुल वजेट | रु. ८९,९३,०००।- |
| प्रतिवेदन तयार गरेको मिति | २०६६/०८/०१ |

**बिषयहरू (Contents)**

**१. सारांश (Abstract)**

राष्ट्रिय योजना आयोगको सचिवालय आर्थिक परामर्श सेवा एकाई काठमाण्डौंद्वारा आव्हान गरिएको आर्थिक सुधार कार्यक्रमको प्रस्ताव अनुसार केन्द्रिय तथ्याङ्क बिभागले पेश गरेको प्रस्तावित आयोजना स्वीकृत भई मिति २०६३/०९/२८ मा आयोगसँग भएको संझौता अनुसार केन्द्रिय तथ्याङ्क बिभागबाट Distributive Trade Survey Project संचालन गरिएको ।

**२. परिचय (Introduction)**

अर्थतन्त्रका प्रमुख क्रियाकलापहरू मध्ये व्यापार ( Trade) क्षेत्र पनि एक हो । यस क्षेत्रलाई आन्तरिक र वाह्य व्यापार गरी दुई भागमा वाड्न सकिन्छ । आन्तरिक व्यापार अन्तरगत मुलुक भित्र हुने विभिन्न व्यापारहरू मध्ये वस्तुहरुको थोक तथा खुद्रा व्यापारले अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याएको हुन्छ । यसै सन्दर्भमा मुलुक भित्र हुने वस्तुहरूको थोक तथा खुद्रा व्यापारको वारेमा अध्ययन गर्ने अभिप्रायले नेपालमा पहिलो पटक वितरणात्मक ब्यापार सर्वेक्षण, २०६५ सम्पन्न भयो । राष्ट्रिय अर्थतन्त्रमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदानको यकिन गर्न आवश्यक पर्ने आर्थिक विवरणहरू अनुमान गर्ने उदेश्यले यो सर्वेक्षण सञ्चालन गरिएको थियो । यस सर्वेक्षणवाट प्राप्त हुने तथ्याङ्क सरकारलाई वाणिज्य नीतिमा सामयिक सुधार र परिमार्जन गर्न उपयोगी हुने विश्वास गरिन्छ ।

**३. आयोजनाको असर / उद्देश्य (Project Outcome/Objective)**

१. राष्ट्रिय लेखा प्रयोजनका लागि थोक तथा खुद्रा व्यापार सम्वन्धी आवश्यक तथ्याङ्क उपलब्ध हुने ।

२. Central Product Classification (CPC) अनुसार केहि प्रमुख वस्तुहरूको Trade Margin को अनुमान तयार हुने ।

३. व्यापार सम्वन्धी अन्य अध्ययनका लागि आधार तयार हुने ।

४. नीति निर्माता, योजनाविद्, उद्योगपति, व्यापारी, अनुसन्धानकर्ता तथा अन्य सरोकारवालाहरूको लागि उपयोगी तथ्याङ्क प्राप्त हुने ।

**४. उपलब्धीहरू/प्रतिफलहरू (Deliverables/Outputs)**

- वस्तुहरूको थोक तथा खुद्रा ब्यापार क्षेत्रमा संलग्न प्रतिष्ठानहरूको सूची तयार ।
- थोक तथा खुद्रा ब्यापार क्षेत्रको स्थिति (रोजगारी, तलव ज्याला, Trade Margin, मौजदात, पुँजी आदि) का आधारभूत तथ्याङ्क उपलब्ध ।
- वाणिज्य नीतिमा सामयिक सुधारको लागि आवश्यक सूचना नियमित, भरपर्दो र बस्तुनिष्ठ रूपमा उपलब्धता हुने ।
- राष्ट्रिय लेखा प्रणाली सुदृढीकरणमा सहयोग पुग्ने ।
- यस किसिमको सर्वेक्षण विषयक केन्द्रीय तथ्याङ्क विभागमा क्षमता अभिवृद्धि ।

## ५. आयोजनाको लगानीहरू (Project Inputs)

### बजेट (Budget):

केन्द्रीय तथ्याङ्क विभाग वाट सञ्चालन भएको Distributive Trade Survey Project को लागि कुल रू. ८९,९३०००।- बजेट स्वीकृत भएको थियो । जस अन्तर्गत मुख्य मुख्य क्रियाकलापहरू लगतसूची तयार गर्न रू. ९ लाख ७० हजार, प्रश्नावली तथा निर्देशिका तयार गर्न रू.२ लाख ४० हजार, प्रश्नावली पूर्व परिक्षणमा रू.१ लाख ५० हजार, तथ्याङ्क संकलनमा रू.१७ लाख, अनुगमन तथा निरिक्षणमा रू.७ लाख ८७ हजार, प्रश्नावली सम्वन्धी आन्तरिक तालिमको लागि रू.११ लाख ८८ हजार, वैदेशिक तालिममा रू.२५ लाख, तथ्याङ्क बिश्लेषण तथा प्रतिवेदन लेखन कार्यका लागि रू.२ लाख ४० हजार, कम्प्यूटर तथा मेशिनरी खरिदमा रू.४ लाख, छपाईमा रू.२ लाख ९९ हजार, तथ्याङ्क प्रविष्टी गर्न रू.२ लाख १७ हजार र अन्य शिर्षकहरूमा उक्त बजेट वितरण गरिएको थियो ।

### मानव संशाधन (Human Resources):

यस आयोजना अन्तर्गत विभिन्न स्थानहरूमा प्रश्नावली सम्वन्धी जम्माजम्मी सातवटा आन्तरिक तालिम र एउटा DTS सम्वन्धी वैदेशिक तालिम गरियो । आन्तरिक तालिम अन्तर्गत विभाग र अन्तरगतका शाखा तथ्याङ्क कार्यालयका कर्मचारीहरू गरी झण्डै १५० जनाले तालिम लिए भने वैदेशिक तालिम अन्तर्गत ४ जना अधिकृतहरूले तालिम प्राप्त गरे । यस वारेको विवरण तालिकामा उल्लेख गरिएको छ ।

| क्र.स. | तलिमको नाम | सख्या | अवधि | स्थान |
|---|---|---|---|---|
| १ | अधिकृत तालिम | ३३ | ३ दिन | मकवानपुर हैटौडा |
| २ | सुपरिवेक्षक तालिम (२ वटा) | ३३ | ४ दिन | इटहरी, महेन्द्रनगर |
| ३ | गणक तालिम (४ वटा) | ८७ | ४ दिन | धरान, वीरगञ्ज, गैंडाकोट, धनगढी |
| ४ | वैदेशिक तालिम | ४ | ४५ दिन | फिलिपिन्स |

## ६. आयोजना व्यवस्थापन (Project Management):

राष्ट्रिय योजना आयोगको सचिवालय आर्थिक परामर्श सेवा एकाईको आर्थिक सहयोगमा संचालित यस आयोजनाको सम्पूर्ण व्यवस्थापन केन्द्रीय तथ्याङ्क विभाग व्यापार तथ्यांक शाखाबाट भयो । आयोजनाको सफल कार्यान्वयन गर्न समय समयमा यस कार्यसँग सरोकार राख्ने निकाय एवं व्याक्तिहरु सँग छलफल एवं परामर्श गरियो । आयोजनालाई सहज र प्रभावकारी रुपमा सम्पन्न गर्न संचालनका विभिन्न चरणमा ( प्रश्नावली निर्माण, नमुना छनौट, तालिम, स्थलगत कार्य, तथ्यांक प्रशोधन तथा नतिजा प्रकाशन ) आयोजना प्रमुखको संलग्नतामा बिभागभित्र छलफल एवं अन्तरक्रिया गर्ने कार्य भयो । तथ्याङ्क संकलनको क्रममा व्यापार तथ्यांक शाखाका अधिकृत एवं शाखा तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरूवाट स्थलगत सुपरिवेक्षण गर्ने काम भयो । आयोजना कार्यान्वयनमा व्यापार तथ्यांक शाखा प्रमुखबाट प्रत्यक्ष निर्देशन, रेखदेख, र अनुगमन हुनुका साथै समन्वयकारी भूमिका रह्यो । आर्थिक परामर्श सेवा एकाइ अन्तर्गत नियमित रुपमा भएका प्रगती समिक्षा सम्वन्धी वैठकहरूले पनि आयोजना कार्यन्वयनमा प्रभावकारी भूमिका खेल्यो ।

**७. कार्यान्वयनमा देखिएका मुख्य सवालहरू ( Major Implementation Issues ):**

बितरणात्मक ब्यापार सर्भेक्षण मुलुकमा पहिलोपटक भएको र यसले समेट्नु पर्ने ब्यापारीक कारोबारको अभिलेख उपलब्ध हुन नसकेको सन्दर्भमा सर्भेक्षणको व्याप्ती (Coverage) निर्कोल गर्न निकै चुनौती रह्यो । ब्यापार क्षेत्र बृहत रहेको र मुलुकको भौगोलिक विकटताको कारणले ब्यापारिक प्रतिष्ठानहरुको सूचिकृत गर्ने कार्यमा केही ढिलाइ हुन पुग्यो । आयोजनामा संलग्न तालीम प्राप्त कर्मचारीहरुको फेरबदल भइरहनु र तथ्याङ्क संकलन अवधिमा पटक पटक बन्द हडताल हुनु पनि आयोजना कार्यान्वयनमा देखिएका समस्याहरू हुन् । सर्भेक्षणको मुख्य कार्य ब्यापारीहरु बाट आर्थिक विवरण संकलन गर्नु रहेको सन्दर्भमा प्रायजसो ब्यापारिक प्रतिष्ठानहरूमा कारोबार सम्बन्धी विवरण राख्ने प्रचलन नहुनु र सरकारी करका त्रासले ब्यापारीहरूले सहज रूपमा आर्थिक विवरण उपलब्ध नगराउने प्रवृत्तीले  यथार्थ विवरण संकलन गर्न केही अप्ठ्यारो महशुस गरियो ।

**८. प्राप्त पाठहरू ( Lesson Learnt ):**

यस आयोजनाको कार्यान्वयनबाट प्राप्त पाठहरू निम्न छन् ।

- हालसम्म ब्यापार सम्बन्धी भरपर्दो तथ्याङ्क नभएको अवस्थामा नेपालको ब्यापार तथ्याङ्क क्षेत्रमा यो सर्भेक्षण निकै उपयोगी हुने ।
- आयोजनाबाट प्राप्त ज्ञान, सिप र अनुभवले भविष्यमा संचालन हुने सर्भेक्षणहरूको कुशल व्यावस्थापन हुन गई नतिजाको गुणस्तरमा अभिवृद्धि हुने ।
- ब्यापारीहरु बाट सहज रूपमा आर्थिक विवरण प्राप्त गर्न सर्भेक्षणको तथ्याङ्क संकलन कार्य पूर्व ब्यापारीहरुमा सर्भेक्षण सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्नु पर्ने ।
- यस प्रकारको सर्भेक्षण संचालन गर्न कार्यरत कर्मचारीलाई बिषयवस्तु सँग सम्बन्धित  Intensive तालिमको आवश्यकता महशुस गरियो ।

**९. आयोजनाको दिगोपना योजना ( Sustainability Plan ):**

यस आयोजनाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनबाट मूलत जनशक्ति विकास हुन गई केन्द्रीय तथ्याङ्क विभागमा स्थापना भएको व्यापार तथ्याङ्क शाखाको सुदृढीकरण भएको छ । यस आयोजनावाट भविष्यमा हुने अन्य व्यापार सम्वन्धी सर्वेक्षणहरू सञ्चालन गर्न आाधरभुत ज्ञान र सीप हासिल भएको सन्दर्भमा आन्तरिक श्रोत व्यवस्थापनवाटै यस प्रकारका सर्वेक्षणहरू सञ्चालन हुन सक्ने देखिन्छ । यद्यपि, विश्वस्तरमा भईरहने प्रविधि तथा वितरणात्मक व्यापार सर्वेक्षण सम्वन्धी विधि ( Mehtodology ) विकास वारे के.त.वि. का कर्मचारी अद्यावधिक हुन आवश्यक देखिन्छ ।

## अनुसूची १.

| **लजिकल फ्रेमवर्क**<br>**(Logical Framework )** | | | |
|---|---|---|---|
| **आयोजनाको नाम : वितरणात्मक ब्यापार सर्वेक्षण**<br>**आयोजनाको अवधि : २ वर्ष १० महिना**<br>**आयोजना शुरु हुने आ.व. :  २०६३/६४**<br>**तयार गरेको मिति : २०६६/०८/०१** | | **(Project title ): Distributive Trade Survey**<br>**(Life of Project: Two Years and Ten Month**<br>**सम्पन्न हुने आ.व. :  २०६६/६७**<br>**Date of Prepared: 2066/08/01** | |
| **विवरणात्मक सारांश**<br>**(Narrative Summary )** | **कार्य सम्पादन सूचकहरु**<br>**Objectively Verifiable Indicators (OVI)** | **पुष्ट्याईका आधारहरु**<br>**Means of verification (MOV)** | **पूर्वानुमान (Assumptions )** |
| लक्ष्य (Goals):<br>देशको आर्थिक स्थितिको मापन फराकिलो भई समष्टीगत आर्थिक नीति निर्माण वस्तुपरक भएको हुनेछ। | राष्ट्रिय नीति यथार्थपरक हुने। | आर्थिक सर्वेक्षण लगायतका अन्य सरकारी प्रतिवेदनहरु | |
| उद्देश्य ( Purpose) :<br>रीष्ट्रिय लेखा तथ्याङ्कको अनुमान यथार्थपरक भएको हनेछ। | राष्ट्रिय लेखामा प्रवाह गरी विद्यमान व्यापार क्षेत्रको अनुमान परिमार्जन हुने। | राष्ट्रिय लेखाका प्रतिवेदनहरु | १. नीति निर्माण तहमा तथ्याङ्कको महत्व बोध हुने छ। |
| प्रतिफल (Outputs ) :<br>१. व्यापार तथ्याङ्कको राष्ट्रिय स्थिति झल्कने तथ्याङ्क प्राप्त हुनेछ।<br>२. आन्तरीक जनशक्तिबाटै व्या.त.स.को प्रतिवेदन तयार हुनेछ। | आ.व. २०६६ को प्रथम चौमासिकको अन्त सम्ममा FINAL DATA SET प्रयोगकर्तालाई उपलब्ध हुने। (NATIONAL) | १. प्रतिवेदन स्वयं | १. जनशक्तिहरु कार्य प्रति उत्प्रेरित हुने छन्। |
| क्रियाकलाप (Activities) :<br>१. व्या.त.स. संचालन गर्ने : क) सुचिकरण ख) स्याम्पल डिजाइन ग) प्रश्नावलि /निर्देशिका निर्माण घ) ग./सु. तालिम ङ) स्थलगत तथ्याङ्क संकलन च) तथ्याङ्क प्रशोधन/प्रकाशन<br>२. व्यापार तथ्याङ्कमा कार्यरत कर्मचारीहरुलाई तालिम/अध्ययनको अवसर उपलब्ध हुने। | लगानी (Inputs) : कुल बजेट रु. ८९,९३०००।- (अक्षरुपी उनान्नब्बे लाख त्रियान्नब्बे हजार) | १. व्यापार तथ्याङ्क शाखाका अभिलेखहरु | १. बजेट निकासा समयमै  हुनेछ।<br>२. उत्तरदाताहरबाट अपेक्षित सहयोग प्राप्त हुनेछ। |

## अनुसूची २.

| आधार तथ्याङ्क (Baseline Indicators) | मुख्य मुख्य क्रियाकलापहरू (Main Activities) | प्रदान गरिने प्रतिफलहरू (Outputs) | अपेक्षित प्रभाव (Outcomes) | अपेक्षित असर (Impacts) |
|---|---|---|---|---|
| • आन्तरिक व्यापार क्षेत्रको Trade Margin/ Output अनुमान गर्ने सुचकहरू नभएको ।<br><br>• Trade Survey गर्ने Parameter हरू नभएको । | • व्यापार तथ्याङ्क सर्वेक्षण संचालन गर्ने<br><br>(क) सूचिकरण<br>(ख) स्याम्पल डिजाएन<br>(ग) प्रश्नावली/निर्देशिका निर्माण<br>(घ) गणक तथा सुपरिवेक्षक तालिम<br>(ङ) स्थलगत तथ्याङ्क संकलन<br>(च) तथ्याङ्क संकलन /प्रकासन<br><br>• व्यापार तथ्याङ्कमा कार्यरत कर्मचारीहरूलाई तालिम/अध्ययनको अवसर उपलब्ध गराउने । | • Distributive Trade को राष्ट्रिय स्थिति झल्कने तथ्याङ्क प्राप्त भएको ।<br><br>• Distributive Trade Survey प्रतिवेदन तयार भएको । | • राष्ट्रिय लेखा तथ्याङ्क प्रणालीमा Distributive Trade सम्वन्धी तथ्याङ्क समाविष्ट भई राष्ट्रिय लेखा तथ्याङ्क प्रणलीको अनुमान यथार्थपरक भएको हुनेछ ।<br><br>• वस्तुहरूको आपूर्ति स्थिति तथा उपभोग सम्वन्धी वोध भएको हुनेछ । | • निति निर्माताहरूलाई अझ राम्रो व्यापार निति तर्जुमा गर्न सहयोग पगेको हुनेछ ।<br><br>• राष्ट्रिय लेखा प्रणाली सुदृढ भएको हुनेछ ।<br><br>• आन्तरिक व्यापार निति विश्लेषणमा सहयोग पुगेको हुनेछ । |

## अनुसूची ४.

**मुख्य खरिदहरू ( Major Procurements ):**

| क्र.स. | सामानको नाम | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | एच.सि.एल.मेगाडेस्कटप | थान | १ | आ.व.२०६३/६४ मा खरिद गरिएको । |
| २ | एच.सि.एल.मेगाल्यापटप | थान | ३ | |
| ३ | स्यामसुङ्ग फोटोकपी मेशिन | थान | १ | |
| ४ | स्क्यानर | थान | १ | |

# विषय-सूची
# (Contents)


१. सारांश (Abstract)

२. परिचय (Introduction)

३. आयोजनाको असर / उद्देश्य (Project Outcome/Objectives)

४. उपलब्धीहरू/प्रतिफलहरू (Deliverables/Outputs)

५. आयोजनाको लगानीहरू (Project Inputs)

६. आयोजना व्यवस्थापन (Project Management)

७. कार्यान्वयनमा देखिएका मुख्य सवालहरू ( Major Implementation Issues )

८. प्राप्त पाठहरू ( Lesson Learnt )

९. आयोजनाको दीगोपना योजना ( Sustainability Plan )


## अनुसूचीहरू
## (Annexes)


१. लजिकल फ्रेमवर्क ( Logical Framework )

२. निर्देशिकाको अनुसूची २ को अनुसूची ग अनुसारको आधारमा तथ्याङ्कको प्रगति स्थिति (Progress Against Baseline Indicators)

३. निर्देशिकाको अनुसूची ८ (क) अनुसारको भारित प्रगति विवरण ( Weighted Physical Progress )

४. मुख्य खरिदहरू ( Major Procurements )